# REGIONAL NEWS
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS

18:40 hrs 08.07.2024

- SC Menstrual Leave

सर्वोच्च न्यायलयले केन्द्रलाई निर्देश दिँदै राज्य र अन्य हितधारकहरूसित परामर्श गरेर महिला कर्मचारीहरूका निम्ति मासिक धर्म अवकाशमाथि एउटा मोडल नीति तयार पार्नु भनेको छ।

मुख्य न्यायाधीश न्यायमूर्ती DY चन्द्रचूड़, न्यायमूर्ति JB पारदीवाला र न्यायमूर्ति मनोज मिश्राको पीठले आज मासिक धर्म अवकाश नीतिको माग गरिएको जनहित याचिमाथि समाधान निकालेको छ। पीठले महिला तथा बाल विकास मन्त्रालयलाई यसमाथि एउटा नीति तयार पार्न हितधारकहरूसित बैठक आयोजन गर्ने निर्देश पनि दिएको छ। पीठले भनेको छ, नीतिसित जोड़िएको यो मुद्दा अदालतहरूको संज्ञानको मुद्दा होइन। महिलाहरूलाई यस्तो छुट्टी दिनमाथि अदालतको निर्णय प्रतिकूल र हानिकारक साबित हुनसक्छ, किनभने नियोक्ताहरूले उनीहरूलाई काममा नराख्न सक्छन्।

सर्वोच्च न्यायालयले अघि भनेको छ, यो निर्देश राज्य सरकारलाई मासिक धर्म अवकाशको नीतिमाथि स्वतन्त्र निर्णय लिनमा बाधा बन्नेछैन।

--------------------------------------X--------------------------------------

- Geyzing-Legshep Road Closer

हिजो राती परेको अद्यधिक वर्षाका कारण लग्शेप-गेजिङ सडक मार्ग बन्द रहेको छ। सड़क मार्गको मरम्मती कार्य चलिरहेको हुँदा वाहनको चलाचल बन्द छ।

--------------------------------------X--------------------------------------

- ## Shop Inspection

गान्तोकका महकुमा अधिकारी श्री रोसन सुब्बाको नेतृत्वमा रहेको एउटा टोलीद्वारा लाल बराजको स्थितिको जायजा लिने उद्देश्यले निरीक्षण भ्रमण गरियो। आज भएको निरीक्षण भ्रमणको उद्देश्य लगातार बर्षा अनि राष्ट्रिय राजमार्ग दशमा सड़क मार्ग अवरुद्ध हुनका साथै ग्रामीण क्षेत्रमा सम्पर्कका कारण आउने विद्यमान चुनौतीको समाधान निकाल्नु रहेको थियो। सड़कको स्थितिका कारण सामग्रीको दरमा हुनसक्ने वृद्धिको सम्भावनालाई ध्यानमा राख्दै खुल्ला बजारमा आवश्यक सामग्रीको उचित निगरानी सुनिश्चित गर्न पनि निरीक्षण गरिएको हो।

--------------------------------------X--------------------------------------

- ## Meeting with NHIDCL

नाम्चीकी जिल्लाधीश श्रीमती अनुपमा तामलिङले आज पहिरोले सर्वसाधारण र यातायातमा पार्नसक्ने खतराको बारेमा राष्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेड (NHIDCL) र राष्ट्रिय जलविद्युत परियोजना निगम (NHPC)-का प्रतिनिधिसँग चर्चा गर्न आयोजित बैठकको अध्यक्षता गर्नुभयो।

नाम्चीको जिल्ला प्रशासनिक केन्द्रमा आयोजित बैठकमा माथिबाट ढुङ्गा खस्नका साथै सडक पूर्णरुपमा भत्केका कारण हुने नाला जाम र सडकबीचमा पर्ने खाड्लबाट हुने चिन्ताको विषयमाथि पनि चर्चा गरियो। जिल्लाधीश श्रीमती तामलिङले यस्तो समस्याको समाधानका निम्ति उचित देवाल, आपातकालिन अवस्थाका निम्ति वैकल्पिक मार्ग र जल स्रोतको सुरक्षित निकास जस्ता आवश्यक सुरक्षा उपाय अपनाउन निगमहरूसित आग्रह गर्नुभयो।

--------------------------------------X--------------------------------------

- ## Governors Message

भोली ड्रुक्पा छेजी हो। यसको पूर्व सन्ध्यामा राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्यले राज्यवासीलाई ठूक्पा छेजीको शुभकामना दिनुभएको छ।

आफ्नो सन्देशमा राज्यपालले भन्नुभएको छ, भगवान बुद्धको शिक्षाले हामीलाई आन्तरिक शान्ति, सामाजिक सद्भाव र वैश्विक प्रगतिको पथमा अघि बढ्न मार्गदर्शन गर्दछ।

- <u>W&CDD Felicitation Ceremony</u>

महिला तथा बाल विकास विभागले आज मंगन जिल्लामा एउटा कार्यक्रमबीच बेटी बचाओ बेटी पढ़ाओअन्तर्गत खेल, शिक्षा तथा अन्य क्षेत्रमा उल्लेखनीय सफलता हासिल गर्ने ठिटिहरूलाई सम्मान जनाएको छ। पेन्टोकस्थित जिल्ला प्रशासनिक केन्द्रको सम्मेलन कक्षमा आयोजित कार्यक्रममा जिल्लाधीश एवं बेटी बचाओ बेटी पढ़ाओका अध्यक्ष श्री अनन्त जैन, मंगनका महकुमा अधिकारी श्री पेमा वाङ्छेन नामकर्पा तथा अन्यको उपस्थिति थियो।

कार्यक्रमको उद्देश्य विभिन्न क्षेत्रहरूमा उत्कृष्ट प्रदर्शन गर्ने महिलाहरूको उपलब्धिको पहिचान गर्नु रहेको थियो, जसबाट अरूमा प्रेरणा मिल्नका साथै शिक्षा र सशक्तिकरणमार्फत लैङ्गिक समानतालाई बढावा मिलोस।

कार्यक्रममा महिला तथा बाल विकास विभागद्वारा चौधदेखि अठारवर्षको आयु वर्गका ठिटिहरूका निम्ति प्रयोग गरिने कोदोको बिस्कुटको पनि शुभारम्भ गरियो। केटीहरूको समग्र स्वास्थ्य विकास गर्ने यो पौष्टिक विस्कुट ICDS-मा पैंतालीस दिनसम्म वितरण गरिनेछ।

---------------------------------------X---------------------------------------

- <u>Bethi Programme</u>

गेजिङ-बर्मेक निर्वाचन क्षेत्रको थाङसिगमा आज बेठी कार्यक्रम आयोजन गरियो। कृषि तथा बागवानी विभागको आयोजना सम्पन्न कार्यक्रममा क्षेत्र विधायक एवं जनस्वास्थ्य अभियान्त्रीकी तथा जल संसाधन विभागका सल्लाहकार श्री लोकनाथ शर्मा मुख्य अतिथि हुनुहुन्थ्यो।

बेठी र धान रोपण पनि समावेश गरिएको कार्यक्रममा स्वयं सहायता समूह र प्रगतिशील कृषकहरूद्वारा कृषि उत्पादनको इष्टल राखिएको थियो। यस अवसरमा कृषि विभागअन्तर्गत विभिन्न एजेन्शीद्वारा कृषकहरूलाई उपकरणसितै बीउ-बिजन वितरण गरियो।

---------------------------------------X---------------------------------------

- <u>Awareness Session on BNS</u>

पाकिम जिल्लाको महिला सशक्तिकरण केन्द्रले आज भारतीय न्याय संहितामाथि जागरूकता सत्रको आयोजना गऱ्यो। मिसन शक्ति कार्यकारी अधिकारीहरूसितको सहकार्यमा पाकिमको One Stop Centre कार्यालयमा आयोजित कार्यक्रममा सामाजिक कल्याण अधिकारी श्रीमती डिकित लेप्चा विशेष रूपमा उपस्थित हुनुहुन्थ्यो।

मिसन शक्तिको उद्देश्यमाथि प्रकाश पार्दै स्रोतवक्ताका रूपमा उपस्थित अधिवक्ता श्री धिरेन सुब्बाले महिलामूखी योजनामाथि केन्द्रित भारतीय न्याय संहिताको बारेमा अवगत गराउनुभयो।

---------------------------------------X---------------------------------------

- <u>SHG Training</u>

शहरी विकास विभागका सचिव श्री मिङ्मा T शेर्पाको निर्देशनमा मंगन नगर पञ्चायतले नाम्ची जिल्लाको जोरथाङमा ठोस फोहोर प्रबन्धनमाथि एक दिने प्रशिक्षण कार्यक्रम आयोजन गऱ्यो।

अप्पर मंगन बजार वार्डको आग्येन स्वयं सहायता समूह र पेन्टोक वार्डको चोथाङ स्वयं सहायता समूहले सहभागिता जनाएको प्रशिक्षण कार्यक्रममा स्वच्छ भारत अभियान (शहरी)-का नोडल अधिकारी श्री नोर्देन G तामाङ र मंगनका नगर कार्यकारी अधिकारी श्री टेम्पो टाशी भोटियाले प्रमुख प्रशिक्षकको रूपमा प्रशिक्षण गराउनुभयो।

---------------------------------------X---------------------------------------